# जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८

नेपाल सरकार
राष्ट्रिय दलित आयोग

UNITED NATIONS
HUMAN RIGHTS
OFFICE OF THE HIGH COMMISSIONER
NEPAL

# जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८

नेपाल सरकार
राष्ट्रिय दलित आयोग

UNITED NATIONS
HUMAN RIGHTS
OFFICE OF THE HIGH COMMISSIONER
NEPAL

राष्ट्रिय दलित आयोग र नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपालद्वारा २०६८ मा प्रकाशित
© **प्रतिलिपि अधिकार** - राष्ट्रिय दलित आयोग र
नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय - २०६८

मुद्रित साउन, २०६८ (५००० प्रति)

**निःशुल्क वितरणका निम्ति**

**थप जानकारीको लागि सम्पर्क राख्नुहोस्:**

**राष्ट्रिय दलित आयोग**
मध्य बानेश्वर, काठमाडौं, नेपाल
पोष्ट बक्स नं.१३७५८
फोन नं. ०१-४४७३३१७, ४४७९८२८, ४४७९८२७
फ्याक्स : ९७७-०१-४४७५९८९
इमेल : info@ndc.gov.np
वेबसाईट : www.ndc.gov.np

**संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय**
सिलु बिल्डिङ, छाउनी, म्युजियम रोड
पोष्ट बक्स २४५५५, काठमाडौं
फोन: +९७७-१-४२८०१६४
फ्याक्स: +९७७-१-४६७०७१२
इमेल: registry.np@ohchr.org
वेबसाइट: http//nepal.ohchr.org

मुद्रण तथा ले-आउट : युनाइटेड ग्राफिक्स प्रिन्टर्स

# जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८

**प्रस्तावना** : प्रत्येक व्यक्तिको अधिकार र मानवीय मर्यादामा समान हुने सिद्धान्तलाई आत्मसात् गर्दै प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज वा अन्य कुनै नाममा जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा छुवाछूत तथा भेदभाव नहुने अवस्था सिर्जना गरी प्रत्येक व्यक्तिको समानता, स्वतन्त्रता र सम्मानपूर्वक बाँच्न पाउने अधिकारको संरक्षण गर्न तथा कुनै पनि स्थानमा गरिने छुवाछूत, वहिष्कार, प्रतिबन्ध, निष्काशन, अवहेलना वा त्यस्तै अन्य मानवता विरोधी भेदभावजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई क्षतिपूर्तिको व्यवस्था गरी सर्वसाधारणबीच सुसम्बन्ध सुदृढ गरी राष्ट्रिय एकता अक्षुण्ण राखी समतामूलक समाजको सिर्जना गर्ने सम्बन्धमा समयानुकूल व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान २०६३ को धारा ८३ बमोजिमको व्यवस्थापिका-संसदको हैसियतमा संविधानसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८" रहेको छ ।

(२) यो ऐन नेपालभर लागू हुनेछ र नेपाल बाहिर बसी नेपाली नागरिक विरुद्ध यस ऐन बमोजिमको कसूर गर्ने नेपाली नागरिकलाई समेत लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

क) "जातीय भेदभाव तथा छुवाछूत" भन्नाले दफा ४ बमोजिमको कार्य सम्झनु पर्छ ।

ख) "कसूर" भन्नाले दफा ३ बमोजिमको कार्य सम्झनुपर्छ ।

ग) "सार्वजनिक स्थान" भन्नाले सरकारी वा गैर सरकारी कार्यालय, शैक्षिक वा औद्योगिक प्रतिष्ठान, प्राचीन स्मारक, पाटी-पौवा, धारा, इनार, कुवा, पोखरी, चौतारी, सडक वा बाटो, सार्वजनिक यातायातका साधन, मसानघाट, उद्यान-

बगैचा, कुनै पनि किसिमको धार्मिक स्थल जस्ता सार्वजनिक प्रयोजनमा रहेका स्थान सम्झनु पर्छ र सो शब्दले सार्वजनिक रुपमा वस्तु वा सेवा बिक्रि वितरण गर्ने अन्य कुनै पनि स्थान समेतलाई जनाउनेछ ।

घ) "सार्वजनिक सेवा" भन्नाले सरकारी वा गैर सरकारी कार्यालय, सार्वजनिक संस्था, यातायात, औधोगिक वा शैक्षिक प्रतिष्ठान, कम्पनी, फर्म, पसल, होटल, रिसोर्ट, लज, रेष्टुरेण्ट, क्याफे, सिनेमा हल वा नाचघर सम्झनु पर्छ र सो शब्दले कुनै पनि सरकारी वा गैर सरकारी निकायबाट प्रदान गरिने सार्वजनिक प्रयोग वा उपयोगका कुनै पनि सेवा र सुविधा समेतलाई जनाउनेछ ।

(ङ) "सार्वजनिक समारोह" भन्नाले सार्वजनिक रुपमा आयोजना गरिएको भोज भतेर, पूजा-पाठ, यज्ञ, अनुष्ठान, जन्म, नामाकरण, विवाह, मृत्यु जस्ता जुनसुकै प्रकारका धार्मिक, सामाजिक वा साँस्कृतिक समारोह सम्झनु पर्छ ।

(च) "सार्वजनिक पद धारण गरेको व्यक्ति" भन्नाले संविधान, अन्य प्रचलित कानून वा सम्बन्धित निकाय वा अधिकारीको निर्णय वा आदेश बमोजिम कुनै सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने वा कुनै कर्तब्य पालन गर्नु पर्ने वा दायित्व निर्वाह गर्नु पर्ने पदमा बहाल रहेको व्यक्ति सम्झनु पर्छ र सो शब्दले सार्वजनिक संस्थाको कुनै पदमा बहाल रहेको पदाधिकारी वा कर्मचारी समेतलाई जनाउँनेछ ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. **<u>जातीय भेदभाव तथा छुवाछूत गर्न नहुने</u>** : (१) कसैले पनि जातीय भेदभाव तथा छुवाछुत गर्न वा गराउन हुँदैन ।

(२) कसैले जातीय भेदभाव वा छुवाछूत गर्ने कार्य गर्न कुनै प्रकारको मद्दत गर्न, दुरुत्साहन गर्न, उक्साउन वा त्यस्तो कार्यको उद्योग गर्न हुँदैन ।

(३) कसैले उपदफा (१) वा (२) बमोजिमको कुनै कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ ।

४. **<u>जातीय भेदभाव तथा छुवाछूत गरेको मानिने</u>** : (१) कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा यस दफा बमोजिमको कुनै काम गरे वा गराएमा जातीय भेदभाव तथा छुवाछूत गरेको मानिनेछ ।

(२) कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा जातीय भेदभाव वा छुवाछूत गरी सार्वजनिक वा निजी स्थानमा देहायको कुनै पनि कार्य गर्न वा गराउन हुँदैन:-

(क) प्रवेश गर्न, उपस्थित हुन वा भाग लिन निषेध गर्ने वा कुनै किसिमले रोक, नियन्त्रण वा प्रतिबन्ध लगाउने, वा

(ख) व्यक्तिगत वा सामूहिक रुपमा सार्वजनिक स्थान वा समारोहबाट निष्काशन, सामाजिक वहिष्कार वा कुनै प्रकारको भेदभाव गर्ने वा त्यस्तो कार्यमा प्रतिबन्ध लगाउने वा अन्य कुनै किसिमको असहिष्णु व्यवहार प्रदर्शन गर्ने ।

(३) कसैले कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा सार्वजनिक सेवाको प्रयोग गर्न वा उपभोग गर्नबाट बञ्चित गर्न हुँदैन ।

(४) कसैले कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा सार्वजनिक समारोह आयोजना गर्न वा सार्वजनिक रुपमा आयोजना हुने कुनै कार्य गर्नबाट बञ्चित गर्न हुँदैन ।

(५) कसैले पनि जातीय छुवाछूत वा भेदभाव हुने कार्य गर्न कसैलाई भड्काउने, उक्साउने वा त्यस्तो कार्य गर्न दुरुत्साहन हुने कुनै कार्य गर्न वा त्यस्तो कुनै क्रियाकलापमा जानी जानी सहभागी हुनु हुँदैन ।

(६) कसैले कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा कुनै पनि पेशा वा व्यवसाय गर्न प्रतिबन्ध वा रोक लगाउने वा कुनै पनि व्यक्तिलाई कुनै पेशा वा व्यवसाय गर्न बाध्य पार्न हुँदैन ।

(७) कसैले कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा कुनै धार्मिक कार्य गर्नबाट बञ्चित गर्न वा गराउन हुँदैन ।

(८) कसैले कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा कुनै वस्तु, सेवा वा सुविधा उत्पादन, बिक्री वा वितरण गर्नबाट रोक्न वा रोक लगाउन हुँदैन ।

(९) कसैले कुनै वस्तु, सेवा वा सुविधा उत्पादन, बिक्री वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण गर्ने गरी उत्पादन, बिक्री वा वितरण गर्न वा गराउनु हुँदैन ।

(१०) कसैले जात वा जातिका आधारमा परिवारका कुनै सदस्यलाई वहिष्कार गर्ने, घरभित्र प्रवेश गर्न नदिने वा घर वा गाउँबाट निकाल्ने वा निस्कन बाध्य तुल्याउने कार्य गर्न वा गराउन हुँदैन ।

(११) कसैले प्रचलित कानून बमोजिम उमेर पुगेका वर वधुवाट मञ्जूर भएको अन्तरजातीय विवाह गर्नबाट कुनै पनि व्यक्तिलाई जात, जाति, वंश वा समुदायका आधारमा रोक लगाउन, त्यस्तो विवाहबाट जन्मिएका सन्तानको न्वारान नगराउन वा भइसकेको विवाह विच्छेद गराउन कुनै किसिमले कर गर्न वा गर्न लगाउन हुँदैन ।

(१२) कसैले श्रव्य, दृश्य सामग्री, लेख रचना, चित्र, आकार, कार्टुन, पोष्टर, पुस्तक वा साहित्यको प्रशारण, प्रकाशन वा प्रदर्शन गरेर वा अन्य कुनै तरिकाले कुनै जात, जाति वा उत्पत्तिका व्यक्तिको उचनीच दर्शाउने, जात, जातिका आधारमा हुने सामाजिक विभेदलाई न्यायोचित ठहऱ्याउने वा जातीय सर्वोच्चता वा

घृणामा आधारित विचारको प्रचार प्रसार गर्ने, अपमानजनक शब्दको प्रयोग गर्ने वा आचरण, हाउभाउ वा व्यवहारबाट त्यस्तो संकेत गर्ने वा जातीय विभेदलाई कुनै पनि किसिमले अभिवृद्धि गर्ने किसिमबाट उक्साउन वा दुरुत्साहन गर्न वा गराउन हुँदैन ।

(१३) कसैले जात, जाति, वंश वा समुदायका आधारमा कुनै पनि व्यक्तिलाई कुनै प्रकारको श्रममा लगाउन इन्कार गर्ने वा श्रमबाट निष्काशन गर्ने वा पारिश्रमिकमा भेदभाव गर्न वा गराउन हुँदैन ।

**५. उजुर गर्ने** : (१) दफा ४ बमोजिमको कसूर कसैले गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले नजिकको प्रहरी कार्यालयमा तोकिए बमोजिम उजूर गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले दफा ४ बमोजिमको कसूर नेपाल बाहिर गरेमा निज बसोवास गरेको वा प्रतिवादी रहेको जिल्लाको नजिकको प्रहरी कार्यालयमा उजुर गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम प्राप्त भएको उजुरी सम्बन्धित प्रहरी कार्यालयले दर्ता नगरेमा वा प्रचलित कानून बमोजिम आवश्यक कारबाही नगरेमा सम्बन्धित व्यक्तिले सो कुराको उजुरी तोकिए बमोजिम राष्ट्रिय दलित आयोग वा स्थानीय निकायमा समेत गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त उजुरी राष्ट्रिय दलित आयोग वा स्थानीय निकायले सम्बन्धित प्रहरी कार्यालयमा तोकिए बमोजिम लेखी पठाउनेछ ।

(५) उपदफा (४) बमोजिम लेखीआएमा सम्बन्धित प्रहरी कार्यालयले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी त्यस्तो उजुरीउपर प्रचलित कानून बमोजिम आवश्यक कारवाही अगाडि बढाउनु पर्नेछ ।

**६. मुद्दाको अनुसन्धानमा सहयोग लिन सक्ने** : यस ऐन अन्तर्गतको मुद्दाको अनुसन्धान गर्दा अनुसन्धान गर्ने अधिकारीले आवश्यकता अनुसार दलित समुदायलगायत जातीय भेदभाव वा छुवाछूतबाट पीडित व्यक्तिको हक अधिकार वा उत्थान सम्बन्धी कार्यमा संलग्न रहेका स्थानीय अगुवा, नागरिक समाज वा संघ संस्थाका प्रतिनिधिको सहयोग लिन सक्नेछ ।

**७. सजाय** : (१) कसैले देहायको कसूर गरेमा देहाय बमोजिम सजाय हुनेछ :-

(क) दफा ४ को उपदफा (२), (३), (४), (५), (६) वा (७) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन महिनादेखि तीनवर्षसम्म कैद वा एक हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय,

(ख) दफा ४ को उपदफा (८), (९), (१०), (११), (१२) वा (१३) बमोजिमको कसूर गर्ने व्यक्तिलाई एक महिनादेखि एक वर्षसम्म कैद वा पाँचसय रुपैयाँदेखि दशहजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय,

(ग) जातीय भेदभाव वा छुवाछूत गर्न मद्दत गर्ने, दुरुत्साहन गर्ने, उक्साउने वा त्यस्तो कार्य गर्न उद्योग गर्ने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय ।

(२) सार्वजनिक पद धारण गरेको व्यक्तिले उपदफा (१) बमोजिमको कसूर गरेमा निजलाई सो उपदफामा उल्लिखित सजायमा पचास प्रतिशत थप सजाय हुनेछ ।

**८. बाधा विरोध गर्नेलाई सजाय** : यस ऐन अन्तर्गत सजाय हुने कसूरको अनुसन्धान वा तहकिकातको काममा कसैले बाधा विरोध गरेमा निजलाई अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीको प्रतिवेदनको आधारमा अदालतले कसूरदारलाई हुने सजायको आधा सजाय गर्न सक्नेछ ।

**९. क्षतिपूर्ति** : (१) कसैले यस ऐन बमोजिमको कसूर गरेको ठहरिएमा त्यसरी ठहर गर्दा अदालतले कसूरदारबाट पीडितलाई पच्चीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म क्षतिपूर्ति भराइदिन सक्नेछ ।

(२) उपदफा (१) को क्षतिपूर्तिबाहेक कसूरदारले पीडितलाई कुनै हानी नोक्सानी पुऱ्याएको रहेछ भने अदालतले सो को प्रकृतिको आधारमा उपचार खर्च वा थप हानी नोक्सानीको मनासिव रकम कसूरदारबाट पीडितलाई भराउने आदेश दिन सक्नेछ ।

**१०. हदम्याद** : यस ऐन अन्तर्गतको कसूरमा कसूर भए गरेको मितिले तीन महिनाभित्र मुद्दा दायर गर्नुपर्नेछ ।

**११. सरकारवादी हुने**: यस ऐन अन्तर्गतको मुद्दा सरकारीवादी हुनेछ र त्यस्तो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

**१२. संक्षिप्त कार्यविधि अपनाउनु पर्ने** : यस ऐन अन्तर्गतको मुद्दाको कारवाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

**१३. प्रचलित कानून बमोजिम सजाय हुने** : यस ऐनअन्तर्गत कसूर मानिने कुनै कार्य अन्य प्रचलित कानूनबमोजिम समेत कसूर हुने रहेछ भने त्यस्तो कसूरमा प्रचलित कानूनबमोजिम मुद्दा चलाई कारवाही गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

**१४. यसै ऐन बमोजिम हुने** : यस ऐनमा लेखिएको विषयमा यसै ऐनबमोजिम र अन्य कुरामा प्रचलित कानूनबमोजिम हुनेछ ।

**१५. सहयोग गर्नु पर्ने** : यस ऐन अन्तर्गतको मुद्दामा अनुसन्धान तथा तहकिकातको कार्यमा सहयोग गर्नु सम्बन्धित सबैको कर्तब्य हुनेछ ।

**१६. नियम बनाउन सक्ने** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

**१७. खारेजी** : मुलुकी ऐन, अदलको महलको १०क. नं. खारेज गरिएको छ ।

**प्रमाणीकरण मिति : २०६८/२/१८**

**अनुसूची - १**

**जाहेरी दरखास्तको ढाँचा**

**श्री ............................. मा चढाएको**
**प्रहरी कार्यालयको नाम र ठेगाना**

**प्रहरी कार्यालयले भर्ने**
**दर्ता नं.:-**
**दर्ता मिति :-**

# दरखास्त

१. दरखास्त वा सूचना दिने व्यक्तिको नाम, थर र ठेगाना : ..............................

२. कुन मुद्दा सम्बन्धी अपराधबारे दरखास्त वा सूचना गरेको हो : ......................

३. अपराध गर्ने व्यक्तिको नाम, थर, ठेगाना र हुलीया : ...................................

४. अपराध भएको वा भइरहेको वा हुने सम्बन्धित ठाउँ, मिति र समय : ..............

५. दरखास्त वा सूचनाको व्यहोराः ..........................................................

६. अपराधसँग सम्बन्धित कुनै सबुत प्रमाण भए सो कुरा : ................................

७. अपराधसँग सम्बन्धित अन्य विवरण : ......................................................

८. यो दरखास्तको व्यहोरा ठीक साँचो छ, झुट्टा व्यहोरा लेखेको ठहरे कानूनबमोजिम सहुँला बुझाउँला। प्रहरीद्वारा केस तहकिकात हुँदा वा अदालतमा मुद्दा चल्दाको बखत उपस्थित हुनु पर्ने जनाउ पाए सो बमोजिम उपस्थित हुनेछु।

दरखास्त वा सूचना दिनेको सही :

मिति :

**अनुसूची - २**

**नेपाल सरकार**

# राष्ट्रिय दलित आयोग

# उजुरी फारामको ढाँचा

## १. पीडितको विवरण

(क) नामः ........................................................................................

(ख) बुवाको नामः .............................................................................

(ग) आमाको नामः ............................................................................

(घ) ठेगानाः

स्थायी ठेगाना : (जिल्ला, न.पा./गा.वि.स., वार्ड नं., गाउँ, टोल) ........

टेलिफोन नं. : ........................................................................

हालको ठेगाना : (जिल्ला, न.पा./गा.वि.स., वार्ड नं., गाउँ, टोल) .........

टेलिफोन नं. : ................... मोवाईल नं. ..................ई-मेल ............

(ङ) लिङ्ग : पुरुष ........... महिला ........... तेस्रो लिङ्गी .........

(च) वैवाहिक स्थिति :

विवाहित ....अविवाहित ..... एकल .....पारपाचुके....छुट्टिएर बसेको.....

(छ) राष्ट्रियताः ........................(ज) उमेरः ....................................

(झ) पेशा : ............................ (ञ) जातिः .................................

(ट) बोलीचालीको भाषाः .....................................................

(ठ) धर्मः ................................ (ड) शिक्षा : ..............................

(ढ) अपाङ्गताः छ .............. छैन .............. (यदि छ भने खुलाउनुहोस्)

..........................................................................................

(ण) संघ/संस्था/संगठनको सदस्यता : (ऐच्छिक) ..................................

## २. उजुरीकर्ताको विवरण (यदि उजुरीकर्ता पीडित होइन भने)

(क) नाम/संघ/संस्था/संगठनः ..................................................

(ख) पूरा ठेगानाः ............................................................................

(ग) टेलिफोनः ....................................ई-मेलः ...................................

(घ) पीडितसँगको नाता/सम्बन्धः ........... बोलीचालीको भाषाः ............

३. आरोपित पीडकको विवरण (यदि तपाई चिन्नुहुन्छ भने)

(क) आरोपित पीडकको नामः ..........................................................

(ख) संघ/संस्था/संगठन/कार्यालयः ................................................

(ग) पद/दर्जाः ......................................................................................

(घ) सम्पर्क ठेगानाः ..................................................................

(ङ) टेलिफोनः ..............................ई-मेल : .....................................

(च) यदि पीडकलाई चिन्नुहुन्न भने पीडकको पहिचानका चिन्ह तथा विवरणहरु (जस्तोः लुगा, हुलिया, हतियारको प्रकार आदि) खुलाउनुहोस्) ............

..........................................................................................................

४. उजुरीको विस्तृत विवरण

(क) घटनाको मिति र समय : .........................................................

(ख) घटना भएको स्थानः ..............................................................

(ग) घटनाको प्रकारः ....................................................................

(घ) कृपया के कसरी घटना घट्यो र सो घटनाले कस्तो असर पार्‍यो विस्तृत रुपमा लेख्नुहोस् । (तपाईको विवरण यसमा नअटाएमा पाना थप्न सक्नुहुनेछ) । .........................................................................

(ङ) के उक्त घटनाबाट तपाईं विस्थापित हुनुभएको छ ? (कुनै एकमा रेजा (ख) लगाउनुहोस्) : छ .................... छैन ......................

(च) के तपाईले उक्त घटनाको सम्बन्धमा कुनै निकाय/ संघ/ संस्था/ संगठन, अदालत, प्रहरी, नेपाल सरकार, रेडक्रस, गैर सरकारी संस्था आदिमा उजुरी गर्नुभएको छ ? छ ....... छैन......... (यदि छ भने, कहाँ गर्नुभएको छ र सो सम्बन्धमा के भइरहेको छ उल्लेख गर्नुहोला ।)

...............................................................................

**५. अन्य उजुरीसँग सम्बद्ध प्रमाणहरु**

(क) के यो घटनाका कुनै साक्षी छन् ? छन्....... छैनन् .........(कृपया एकभन्दा बढी साक्षी भएमा पाना थप्नुहोस्)

साक्षीको नाम : ...........................ठेगाना :.................................

साक्षीको नाम : ............................ठेगाना : .................................

कस्तो किसिमको सम्भावित सूचना साक्षीले दिनसक्छ ? खुलाउनुहोस् ।

..........................................................................................

(ख) उजुरीलाई सहयोग पुऱ्याउने कागजात वा दसी प्रमाण यदि छन् भने के के छन् ?

१. ..................................२ ......................................
३. ..................................४ ......................................

(ग) कुन कुन प्रमाणहरु उजुरीसँगै राखिएका छन् खुलाउनुहोस् ।

१. ..................................२ ......................................
३. ..................................४ ......................................

**६. माग गरिएको उपचार**

(क) तपाई आयोगसँग कस्तो प्रकारको उपचारको माग गर्नुहुन्छ ?

..........................................................................................

**७. मलाई थाहा भएसम्म यसमा लेखिएको व्यहोरा ठीक, साँचो हो ।**

हस्ताक्षर : ..............................................

नाम : ..............................................

मिति : ..............................................

| फाराम बुझाउने ठेगाना | महत्वपूर्ण जानकारीहरु |
|---|---|
| ठेगाना : राष्ट्रिय दलित आयोग<br>मध्य बानेश्वर, काठमाडौं, नेपाल<br>पोष्ट बक्स नं.१३७५८<br>फोन नं. ०१-४४७३३१७<br>४४७९८२८, ४४७९८२७<br>फ्याक्स : ९७७-०१-४४७५९८९<br>इमेल : info@ndc.gov.np<br>वेबसाईट : www.ndc.gov.np | – यस फाराममा सबै प्रश्नहरुको विवरण उल्लेख गर्नु भएको छ, छैन कृपया जाँच गर्नुहोस् ।<br>– कृपया यो फारामसँग सम्बद्ध प्रमाणहरु राखिएका छन् छैनन् सुनिश्चित गर्नुहोस् ।<br>– कृपाय घटनासँग सम्बद्ध नयाँ सूचना पाउनुभएमा राष्ट्रिय दलित आयोगमा सम्पर्क गर्नुहोला ।<br>– कृपया यदि तपाईको ठेगाना परिवर्तन भएको छ भने राष्ट्रिय दलित आयोगलाई सूचित गर्नुहोस् ।<br>– उजुरी दर्ता नम्बर लिनुहोस् र सुरक्षित साथ राख्नुहोस् । |

# अनुसूची - ३

## नेपालमा जातीय विभेद तथा छुवाछूतसम्बन्धी मुद्दामा फौजदारी कार्यविधिका मुख्य कदमहरु*




* जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ तथा फौजदारी कार्यविधि सम्बन्धी ऐनहरु जस्तो सरकारी मुद्दा सम्बन्धी ऐन, सरकारी मुद्दासम्बन्धी नियमावली तथा संक्षिप्त कार्यविधी ऐनमा आधारित

** जाहेरी दरखास्त भन्नाले कुनै अपराधको सम्बन्धमा प्रहरी कार्यालयमा दिने दरखास्त वा सूचना हो ।

*** तिन महिनाको हदम्याद घटना भएको दिनबाट सुरुभई सरकारी वकिलले जिल्ला अदालतमा अभियोग पत्र दर्तागरेसम्मको अवधि हो ।

**** प्रतिवादीको बयान लिईएको मितिले ९० दिन भित्र ।

***** सुरु मुद्दा छिनेको मिसिल प्राप्त भएको ९० दिन भित्र ।